# श्री वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समुह

## बुद्धभुमी न.पा-०१, कपिलवस्तु

### काठ दाउरा को बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२८**

वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व.२०८०/०८१ मा उत्पादित काठ सा.व. घाटगद्दीमा रहेकोमा सो काठ लाई लट नं. १ देखी लट नं ४ सम्म ४ वटा लट कायम गरी निम्न जात र परिमाणको काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावारमा अधारित (काठ/दाउरा) संचालनमा रहेको उद्योगले मात्र यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्रमा बोलपत्र खरिद गरी २२ औ दिनको २:०० बजे सम्ममा लटको सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**वन पैदवारको विवरण**

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण | न्यूनतम मुल्य प्रति इकाइ दर रु | जम्मा न्यूनतम मुल्य रु | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | माल | A | १० | २५८.९३ | १२५० | ३२३६६२.५ | प्रति क्यू.फिट रु १७७/- | धाड नं १२, १३ |
| | | माल | B | २२ | ३४४.३३ | ९०० | ३०९८९७ | | |
| | | माल | C | ७९ | ३८३.५४ | ६०० | २३०१२४ | | |
| | | माल | D | ७ | १०.२३ | ३०० | ३०६९ | | |
| | | जम्मा | | ११८ | ९९७.०३ | | ८,६६,७५२.५/- | | |
| २ | २/०८१/०८२ | माल | A | २४ | ५१९.४६ | १२५० | ६४९३२५ | प्रति क्यू.फिट रु १७७/- | धाड नं १४ |
| | | माल | B | २४ | २०७.१२ | ९०० | १८६४०८ | | |
| | | माल | C | ६२ | २८३.४१ | ६०० | १७००४६ | | |
| | | माल | D | ८ | १२.५९ | ३०० | ३७७७ | | |
| | | जम्मा | | ११८ | १०२२.५८ | | १०,०९,५५६/- | | |
| ३ | ३/०८१/०८२ | माल | A | १३ | २८१.५४ | १२५० | ३५१९२५ | प्रति क्यू.फिट रु १७७/- | धाड नं ३, १९ |
| | | माल | B | ३८ | ३६६.८३ | ९०० | ३३०१४७ | | |
| | | माल | C | १०९ | ४९८.५१ | ६०० | २९९१०६ | | |
| | | माल | D | ९ | १४.४ | ३०० | ४३२० | | |
| | | जम्मा | | १६९ | ११६१.२८ | | ९,८५,४९८/- | | |
| ४ | ४/०८१/०८२ | माल | A | १४ | २६६.९ | १२५० | ३३३६२५ | प्रति क्यू.फिट रु १७७/- | धाड नं २० |
| | | माल | B | ३० | २५०.६४ | ९०० | २२५५७६ | | |
| | | माल | C | ७३ | ३०८.०४ | ६०० | १८४८२४ | | |
| | | माल | D | १० | १२.४४ | ३०० | ३७३२ | | |
| | | जम्मा | | १२७ | ८३८.०२ | | ७,४७,७५७/- | | |

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/११/१८ (ख) समय :- १७:०० वजे भित्र।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/११/१९ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

(३) बोलपत्र फारम लट नं. १, ३ र ४ को हकमा रु १०००|– र लट नं. २ को हकमा रु.२०००/– पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

CamScanner

# श्री वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समुह

## बुद्धभुमी न.पा-०१, कपिलवस्तु

(४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय तौलिहवा मा रहेको राष्ट्रिय बाणिज्य बैंकको , चल्ती खाता नं. ३११०१००००७६८८००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस वीरपुर जनकल्याण सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(६) संघिय वन नियमावलीको नियम २५ (३) बमोजिम वन पैदावारमा आधारित उद्योग र सोही नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत उद्योगहरु मध्ये लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालयमा सुचिकृत भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ।

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/११/२० गते दिउँसो १२.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ।

११) बोलपत्र खरिद गर्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य दाखिला गर्ने दिनको तोकिएको समय भन्दा १ घन्टा अगाडी नै बोलपत्र खरिद गरी तोकिएको समयमा दिखला गरी सकेको हुनु पर्ने छ।

(१२) खरिद भएको बोलपत्र दाखिला गर्न को लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा तोकिए बमोजिम हुनेछ

(१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला।

(१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन।

(१५) सिलबन्दी बोलपत्र दाखिला गर्दा अनिवार्य रुपमा खाँममा सम्पर्क नम्बर वा ईमेल ठेगाना राख्नु पर्ने छ।

CamScanner